बैठक संख्या: २९
मिति: २०७५/०३/०१ गते
समय: विहानको ७:०० बजे

**प्रस्ताव**

१) एकिकृत सम्पत्ति करको सम्बन्धमा ।
२) पशु सेवा शाखाको आगामी वर्षको कार्यक्रमको प्रस्तुती ।
३) नीति तथा कार्यक्रम सम्बन्धमा ।
४) आनन्दवन शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था सम्बन्धमा ।
५) मालपोत कार्यालयको प्रयोजनको लागि जग्गाको मूल्यांङ्कन सम्बन्धमा ।
६) तिलोत्तमा उद्योग ग्राम र तिलोत्तमा सिटी कलेज स्थापना सम्बन्धमा ।
७) ल्याण्डफिल्ड साईडको पूर्वाधारका लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

- नगर प्रमुखको संयोजकत्वमा रहेको ९ सदस्यीय समितिलाई एकिकृत सम्पत्ति कर लागू गर्नको लागि जग्गाको मूल्य, करको दर, स्ल्याव लगायतका विषयहरुको निर्क्यौल गरि कार्यपालिकाको अर्को वैठकमा पेश गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

- आ.व. २०७५/०७६ का लागि पशु सेवा शाखाबाट प्रस्तुत कार्यक्रम माथि छलफल गरि परिमार्जन सहित वार्षिक वजेटमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

- नगर प्रमुखद्वारा आर्थिक वर्ष २०७५/०७६ मा पेश गरिने नीति तथा कार्यक्रमका सम्बन्धमा कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायत अन्य विषयगत क्षेत्रबाट उठेका विषयहरुलाई समेटि पुन: २०७५।०३।०४ गते बस्ने कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

- आनन्दवन शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको प.सं. २०७४/०७५ च.नं. ११५ को पत्रमा उल्लेख गरिएको वडा नं. १ शिवचोक छत्तिस मौंजा सिंचाई प्रणाली नजिकै रहेको सिंचाई वोरिङ्गका सम्बन्धमा सम्बन्धित वडा समितिलाई नै उक्त कार्य व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

- मालपोत कार्यालय भैरहवा, रुपन्देहीको प.सं. ०७४/०७५ च.नं. १५२५९ को पत्रबाट माग गरिएको जग्गाको न्यूनतम मूल्यांङ्कनको दरका सम्बन्धमा राजश्व शाखाबाट पेश गरिएको जग्गाको न्यूनतम मूल्यांङ्कनको दर माथि छलफल गरि कार्यापालिकाको अर्को वैठकमा पुन: छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

- वडा नं. १० को रोहिणी नदी पूल भन्दा उत्तर तर्फको क्षेत्रमा "तिलोत्तमा उद्योग ग्राम" र वार्ड नं. १४ को नर्मदेश्वर आधारभूत विद्यालय रहेको स्थानमा सूचना प्रविधि लगायत अन्य प्राविधिक शिक्षा अध्यापनका लागि "तिलोत्तमा सिटी कलेज" स्थापना गर्न वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ७**

- श्री जन सहभागिता वास (WASH Water, Sanitation & Health) सहकारी संस्था लि. तिलोत्तमा-८ र यस नगरपालिकाको लागत (सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार)मा फोहोरमैलाको स्रोतमा नै वर्गिकरण गरी गल्ने फोहोर र नगल्ने फोहोर छुट्टाई गल्ने फोहोरबाट कम्पोष्ट मल बनाउने र नगल्ने फोहोर सोही अनुसार वर्गिकृत गरी वैज्ञानिक व्यवस्थापनको पूर्वाधार निर्माण गर्नको लागि रु. १५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैठक संख्या : २९

आज मिति २०७५ साल असार १ गतेका दिन यस तिलोत्तमा नगरपालिकामा नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशील बमोजिमको उपस्थितीमा निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.सं. | पदाधिकारीहरुको नाम थर | पद | उपस्थिति |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री बासुदेब घिमिरे | नगर कार्यपालिका अध्यक्ष | [signature] |
| २. | नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य | [signature] |
| ३. | श्री सुरेन्द्र श्री (प्रवक्ता) | नगर कार्यपालिका सदस्य | [signature] |
| ४. | श्री तामानाथ पाण्डेय | नगर कार्यपालिका सदस्य | [signature] |
| ५. | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य | [signature] |
| ६. | श्री टंक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य | [signature] |
| ७. | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य | [signature] |
| ८. | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य | [signature] |
| ९. | श्री सुखदेव न्यौपाने | नगर कार्यपालिका सदस्य | [signature] |
| १०. | श्री दुर्गाप्रसाद पाण्डे | नगर कार्यपालिका सदस्य | [signature] |
| ११. | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य | [signature] |
| १२. | श्री नारायण न्यौपाने | नगर कार्यपालिका सदस्य | [signature] |
| १३. | श्री व्यास मुनी थारु | नगर कार्यपालिका सदस्य | |
| १४. | श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यपालिका सदस्य | [signature] |
| १५. | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य | [signature] |
| १६. | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य | [signature] |
| १७. | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य | [signature] |
| १८. | श्री खेमराज गुरुङ्ग | नगर कार्यपालिका सदस्य | [signature] |
| १९. | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य | [signature] |
| २०. | श्री दान बहादुर चौधरी | नगर कार्यपालिका सदस्य | [signature] |
| २१. | श्री गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य | [signature] |
| २२. | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य | [signature] |
| २३. | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य | [signature] |
| २४. | श्री राधा शाही | नगर कार्यपालिका सदस्य | [signature] |
| २५. | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य | [signature] |
| २६. | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य | [signature] |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यपालिका सदस्य | [signature] |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सचिव | [signature] |

Scanned by CamScanner